# बायुङ राई स्यान्तिवा (पहिचान) निर्माण प्रक्रियामा तुम्लोको भूमिका


**किशोर राई (बायुङ)**[1]

*<kraibayung1@gmail.com>*



DOI : https://doi.org/10.3126/kp.v5i5.95206



**आग्वलो (लेखसार)**

*बायुङ राईको स्यान्तिवा (पहिचान) निर्माणको निम्ति तुम्लो (मुन्दुम) को महत्वपूर्ण भुमिका हुन्छ । विश्वमानचित्रमा र किराती समुदायभित्र 'बायुङ राई' भनी पहिचान गराउने मौलिकताको आधार तुम्लोले नै निर्माण गर्दछ । लेखमा बायुङ राईहरूको मौलिक स्यान्तिवा निर्माणमा तुम्लोको भुमिका के-कस्तो हुन्छ भन्ने कुराको वर्णानात्मक रूपमा उजागर गरेको छ । उत्पत्तिकालदेखि मौखिकरूपमा पुस्तान्तरण र प्रचलित हुँदै आएको तुम्लोको विषयवस्तुहरूलाई विश्लेषण गरिएको छ भने तुम्लोलाई बायुङ राई स्यान्तिवाको मुख्य मियोको रूपमा पनि स्थापित गरिएको छ । अध्ययन क्षेत्रमा सञ्चालित तुम्लो सम्बद्ध काजकार्जेहरूमा प्रत्यक्षरूपमा सहभागी भई आवश्यक सुचनाहरु सङ्कलन गरिएको छ । मुख्यगरी सारिखाउमा (पितृकार्जे) रफुङलाम (विवाह) लगायतका विविध जीवन संस्कारहरूको प्रत्यक्ष अवलोकनमार्फत सङ्कलन गरिएको छ । सङ्कलित सुचनाहरूमा विश्व ब्रम्हाण्डको सृष्टि, मानव उत्पत्ति, बायुङ राईको पुर्खाको उत्पत्ति, बायुङ राईको सभ्यताको विकास, संस्कार संस्कृतिहरूको उत्पत्ति र विकास, विविध मूल्यमान्यताहरूको विकासलगायतका सुचनाहरु प्राप्त भएका छन् भने सुचनाहरूको थप स्पष्टता र व्याख्याका निम्ति नक्स, झाम्चा, ङाबुचा/ङामुचा, तुम्लोचालगायतका मुन्दुम सम्बद्ध विद्धत् व्यक्तित्वहरूसँग थप कुराकानी र संवाद गरिएको छ । फलस्वरूप तुम्लोको पवित्रता, अक्षुण्णता, आध्यत्मिकता, शक्ति, दर्शन, महत्व, वस्तुनिष्ठता आदि जस्ता विषयसम्बन्धी सुचना प्राप्त हुनाका साथै तुम्लोप्रतिको बायुङ राईहरूका मौलिक दृष्टिकोण पनि प्राप्त भएको छ । बायुङ राईको स्यान्तिवा निर्माणमा तुम्लोको मुख्य आधार हो । तुम्लो र स्यान्तिवा एक आपसमा नङ र मासुजस्तै परिपूरक सम्बन्ध रहेको छ । तुम्लोले स्यान्तिवा निर्माणमा ऐतिहासिक उत्पत्ति र भूगोल, लो (भाषा) र मौखिक पातुम्री (परम्परा), सामाजिक संरचना, परम्परागत संस्था र निर्णय प्रक्रिया, बायुङ राईको स्वनामकरण र स्वनिर्माण आदि विषयमा भूमिका खेल्दछ ।*



**शब्दकुञ्जी:** तुम्लोचा, नक्स, बोकोल,  लुःना तुम्लो, स्यान्तिवा, सेलेमि, हङ-सेग्रो ।


## विषयपरिचय

"तुम्लो र्याक्सिमानु प्रोचाको र्याक्तियाखा आसत् जाम । अ्याम्रा झेरेम गरेङ कुःचो दुम्" अर्थात् "मुन्दुम लेख्नु हुन्न बायुङ किरात राईको । लेख्यो भने यसको शक्ति र पवित्रता हरण हुन्छ । यो त करङबाट आउनु पर्छ । "

उल्लेखित भनाई २०/२५ वर्ष अघि देखि मैले  मेरो समुदाय (बायुङ राई) का पुर्खाहरूको

१ त्रिभुवन विश्वविद्यालय मानवशास्त्र केन्द्रीय विभागबाट स्नातकोत्तर गरेका राई वायुङ राईको तुम्लो (मुन्दुम)मा अनुसन्धानरत हुनुहुन्छ ।

मुखबाट सुन्दै आएको हो । जुन अझैँ पनि समुदायमा प्रचलित नै छ । समुदायको पुर्खाहरूको मानसपटलमा जरा गाडेको यो भनाइ उहिल्यैबाट विकास भई पुस्तान्तरण भएको देखिन्छ र आज पनि मेरो पुस्ताले नि सुन्दै आएको छ । यो तुम्लोप्रति समुदायको गहिरो विश्वास थियो र अहिले पनि छ । यसले तुम्लोको लिखितभन्दा पनि मौखिक संस्करणलाई गहिरो विश्वासको साथ स्थापित गर्नमा जोड दिन्छ । यो वाक्य किन हाम्रो (बायुङ राईको) तुम्लो लेखिएको छैन भन्ने प्रश्नको जवाफ स्वरूप पुर्खाहरूको मुखबाट पाइन्थ्यो । तुम्लोप्रति समुदायको यो धारणा, जनविश्वास र व्यवहारिक अवलम्बनले तुम्लोलाई सदाबहार ज्यूकात्युँ राख्न जोड दिन्छ । तुम्लो ज्यूकात्युँ बाँच्नु र आस्तित्वमा रहन पाउनु सुखद कुरा हो । बायुङ राईहरूको ऐतिहासिक थलोबाट हुने बसाइसराइँ, तुम्लोप्रतिको आउदो पुस्ताको कम लगाव, तुम्लोवेत्ताहरूको उत्तरार्धको जीवनलगायतका समकालीन चुनौतीहरूले गर्दा तुम्लोको अस्तित्वमाथि सङ्कट आइरहेको प्रस्ट देखिन्छ । सङ्कटापन्न तुम्लोको अस्तित्व रक्षा गर्न र पुस्तान्तरण गर्न आज (तुम्लोको स्रोतहरु भइरहेको अवस्थामा) नै गहिरो अध्ययन अनुसन्धान र लिपिकरण गर्नु आवश्यक छ । मौखिक संस्करणलाई लिखितरूपमा रूपान्तरण गर्नु अपरिहार्य छ । हालसम्म बायुङ राईहरूको तुम्लोमाथि भएका अध्ययन अनुसन्धानको विषयहरु हेर्दा न्यून मात्रमा भएको पाइन्छ । लुːना तुम्लोको हकमा लिपिकरण, व्याख्या, विश्लेषण जस्ता प्राज्ञिक कार्यहरु अति न्यून छन् । यसको पुस्तान्तरणमा पनि चुनौती आइरहेको छ । बायुङ राईको स्यान्तिवा निर्माणमा तुम्लोको भूमिकाबारेमा अध्ययन गर्नु यो अध्ययनको मुख्य उद्देश्य हो । यसभित्र बायुङ राईको स्यान्तिवा निर्माणमा तुम्लोले के कसरी योगदान गर्दछ र तुम्लो र बायुङ राईको सम्बन्ध कस्तो हुन्छ आदि प्रश्नहरूमा यो अध्ययन केन्द्रित रहेको छ । 'तुम्लो' बायुङ राईहरूको संस्कार, संस्कृति, परम्परा, रीतिरिवाज, दर्शन, एवम् विश्वदृष्टिकोणको समष्टिगत मौखिक सङ्कलन हो । यसको भौतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक, नैतिक र आध्यत्मिक महत्व रहेको छ । विविध आयामहरु रहेका छन् । जसले बायुङ राईहरूको दैनिक जीवन पद्धतिलाई निर्देशित गरिरहेको हुन्छ । सांस्कृतिक जीवन डोऱ्याइरहेको हुन्छ । धार्मिक तथा आध्यत्मिक जीवन पनि डोऱ्याइरहेको हुन्छ । आर्थिक सामाजिकलगायत समग्र जीवनको सारमा प्रभाव पारिरहेको हुन्छ । मौखिकरूपमा प्रचलित तुम्लोले बायुङ राईहरूको स्यान्तिवालाई आकार प्रदान गरी मुख्य आधारको भूमिका खेल्दछ । त्यही आधारमा बायुङ राईहरूको मौलिकपन निर्माण हुन्छ । यो अध्ययनले बायुङ राईहरूको स्यान्तिवा निर्माणमा तुम्लोको महत्वलाई उजागर गर्दछ । तुम्लोको विषयवस्तुहरूको लिपिकरण, व्याख्या विश्लेषण गरी मौखिकरूपमा प्रचलित पक्षहरूलाई लिपिकृत गरी संरक्षण गर्ने कार्यमा इँटाको काम गर्दछ । समुदायभित्र बन्दरूपमा रहेको तुम्लोको विषयहरूलाई उजागर गरी समुदायभित्र र समुदाय बाहिर अध्ययन-अनुन्धानकर्ताहरूमाझ अध्ययन समाग्रीको रूपमा सामग्रीको काम गर्दछ ।

## अध्ययनको विधि

यो अध्ययन बायुङ राईहरूमा प्रचलित 'लुːना तुम्लो' को अनुसन्धानमा केन्द्रित छ । तुम्लो उत्पत्तिकालदेखि नै मौखिक रूपमा पुस्तान्तरण हुँदै आएको छ । अध्ययनका निम्ति प्राथमिक स्रोतको सुचनाहरूलाई विशेष जोड दिइएको छ भने द्वितीय स्रोतका सुचनाहरु पनि उपयोग गरिएको छ । अध्ययन क्षेत्रको निम्ति लुːना बायुङ राईहरूको सघन बसोबास रहेको सोलुखुम्बु जिल्लाको दक्षिणी

भूगोलमा केन्द्रित रहेको छ । वर्तमान नेचासल्यान गाउँपालिका–१ को सेरो, जुजुरू, गुगुर्दी, ओस्ती, ओस्पु, जन्तेरूमा प्रचलित तुम्लोको अध्ययन गरिएको छ । बायुङ राईको सघन बसोबास र सघनरूपमा नै संस्कार संस्कृति तुम्लोको गतिविधिहरु सञ्चालन गरिने हुँदा यो क्षेत्रलाई अध्ययन क्षेत्रको रूपमा प्राथमिकता दिइएको हो । अध्ययनको क्रममा रोचक यो कुरासमेत बुझियो कि यस गाउँमा पहिले गाई गोरू, भैँसी र कुकुरसमेत बायुङ भाषा बुझ्थे रे । सुँगुरलाई गाली गर्दा, कुखुरालाई हकार्दासमेत यहाँका मानिसहरु बायुङ भाषामा नै हकार्दथे रे । अध्ययन क्षेत्रमा लुःना तुम्लो मात्र प्रचलित रहेको हुँदा लुःना तुम्लोमा नै केन्द्रित रहेको छ भने यसको मुख्य उद्देश्य लुःना तुम्लोको वर्णनात्मक अध्ययन गर्नु हो । प्राथामिक स्रोतको सुचना सङ्कलनका निम्ति विभिन्न समय र स्थानमा फिल्डवर्क र प्रत्यक्ष सहभागिताको पद्धति अपनाइएको छ । वि.सं. २०७५ साल यता अध्ययनक्षेत्रभित्र आयोजना हुने तुम्लो सम्बद्ध हङ सेग्रो, ताम, नाग्ले, व्यार्आ, व्याख्खा, मो, ङोलो मो आदि संस्कारगत गतिविधिहरूमा प्रत्यक्ष सहभागी भई लिइएका छन् । जसमध्ये ३ वटा हङ सेग्रो, एकवटा ताम, दुईवटा ङोलो मो, ५ वटा फुङ्लाम, दुईवटा सामाफक्चो व्यार्आ, १ वटा कोरो व्यार्आ, १ वटा सुम्नि व्यार्आ र ५ वटा नाग्ले आदि तुम्लोगत कार्जेहरूमा प्रत्यक्ष सहभागी भई अवलोकन र अध्ययन गरिएको छ । तुम्लोको संस्कारहरु पुजिरहँदा नक्स र झाम्चाले फलाक्ने मौखिक तुम्लोलाई सुन्ने र सुचना लिने, पूजाको तुम्लीय गतिविधि र प्रक्रिया अवलोकन गर्ने, नबुझेको र जिज्ञासा लागेको कुराहरु त्यहाँ रहेका ङाबुचा, तुम्लोचा र तुम्लोवेत्ताहरूसँग प्रत्यक्ष रूपमा सोधेर आवश्यक जानकारी प्राप्त गर्ने गरिएको छ । थप स्पष्टताको निम्ति उहाँहरूसँग औपचारिक तथा अनौपचारिक दुवै किसिमका भेटघाट र कुराकानीहरूमार्फत् सुचना र तथ्याङ्कहरु सङ्कलन गरिएका छन् ।

हङ सेग्रोको तुम्लोमा सुचना सङ्कलनमा सृष्टि, मानव उत्पत्ति, बायुङ राईको उत्पत्ति, आदिम बायुङ पुर्खाको यात्रा, बायुङ राईहरूको संस्कार संस्कृतिको उत्पत्ति, सिलिहरूको व्याख्या, ज्ञान सिपहरूको विकास, विभिन्न तुम्लोको दृष्टिकोणले महत्वपुर्ण भूगोलहरु, विभिन्न किसिमका सामाजिक मूल्यमान्यताहरूको व्याख्याहरु प्राप्त भयो । ताम तुम्लोमा तामको उत्पत्ति र विकास, ताम तुम्लोले कसरी बायुङ राईलाई चिनाउछ भन्ने तथ्यहरु प्राप्त भयो । नाग्ले तुम्लोले नाग्लेको उत्पत्ति, बायुङ राईहरूमा यसको महत्व र भूमिका, यसको अनिवार्यता आदि सम्बन्धी तथ्यहरु प्राप्त भयो । सुम्नि ब्यार्आ, कोरो ब्यार्आ, सामाफक्चो ब्यार्आको संस्कार र तुम्लोबाट सृष्टि, बायुङ मौलिक संस्कार संस्कृतिको प्रारम्भिक रूपरेखासम्बन्धी व्याख्याहरु प्राप्त भयो । झाम्चा (धामी) ले गर्ने मो, ङोलोमो आदिको तुम्लो र संस्कारबाट धामीवादको दृष्टिकोणबाट कसरी बायुङ स्यान्तिवा निर्माणमा योगदान पुग्दछ भन्ने तथ्यहरु प्राप्त भएका छन् । समग्रमा यी गतिविधिहरूबाट अध्ययनलाई आवश्यक पर्ने तुम्लोभित्रको प्राथमिक सुचना र तथ्याङ्करु सङ्कलन गरिएका छन् । सङ्कलित सुचना र तथ्याङ्कहरु गुणात्मक छन् भने अध्ययनको उद्देश्य र आवश्यकताअनुसार उपयोग गरिएका छन् ।

प्राथमिक स्रोतको अलावा अध्ययनमा द्वितीय स्रोतको सुचनाहरूको पनि आवश्यकताअनुसार उपयोग गरिएको छ । तुम्लो सम्बद्ध प्रकाशित विभिन्न लेख, रचना, पुस्तक, स्मारिका, शोधपत्र, अनुसन्धान पत्र, जर्नललगायत पत्रपत्रिकाहरूमा प्रकाशित सुचना तथा तथ्याङ्कहङ पनि उपयोग गरिएका छन् । विभिन्न विद्युतीय माध्यमहरूमा प्रसारित बायुङ राई सम्बद्ध सामग्रीहरु पनि उपयोग

गरिएका छन् ।



तस्बिर १ः बायुङ राईहरूको सेग्रो (हङ) पुज्दा द्याम्बुलीमा पो सिलिको समयमा नक्स, मासिचा र मसिमिहरू, नेचासल्यान-१, ख्याम्प/जन्तेरू, सोलुखुम्बु । स्थानः मनसेर बायुङ राईको घर, मितिः २०७७ माघ ।

### बायुङ राई र तुम्लो

बायुङ राई बहुभाषी एक जाति किरात राई जातिभित्र पर्ने एक प्रमुख जाति हो । बायुङ राई र तुम्लो एक अर्काको पर्यायवाचीजस्तै गरी अन्तरसम्बन्धित रहेका छन् । मौलिक बायुङ राईको स्यान्तिवा निर्माणमा तुम्लोको अपरिहार्य भूमिका रहेको पाइन्छ । नक्स, झाम्चा, ङाबुचा, तुम्लोवेत्तालगायत साधरण बायुङराईहरूको मतअनुसार यदि 'तुम्लो' हटाइदिने हो भने 'बायुङ राई' भन्नुको अर्थ नरहने बताउछन् । नक्स हर्कशेर बायुङ राईको भनाईअनुसार 'तुम्लो मान्थिम बायुङ राई निङला नुङ थलथसी मान्थिम नाम्बा दुम्सो' अर्थात् 'तुम्लो बिनाको बायुङ राई नाम सुवास बिनाको भतुवा हुन्छौं ।' नक्सको यो भनाइले पनि तुम्लो कति महत्वपूर्ण छ भन्ने कुरा पुष्टि गर्दछ । पितृ र प्रकृति पूजक बायुङ राईहरूको जन्मदेखि मृत्युपर्यन्तसम्मको जीवन संस्कारहरु, पितृ र प्रकृति पूजाको हरेक संस्कारहरु तुम्लोमा आधारित रहेका छन् (परिशिष्ट ३ हेर्नुहोस्) । बायुङ राई समुदायमा मुख्यगरी चार प्रकारका तुम्लो र सारीरेरीहरु प्रचलनमा रहेका छन् (परिशिष्ट १ हेर्नुहोस्) । सोलुखुम्बुको बायुङ राईहरु जो तङ्दिसे भुवाखा (रेन्दु/रेदुक्पा) र तङ्दिसेमा वालिङ्माका सन्तानहरूले लुःना सारी र लुःना तुम्लो मान्दछन् । जसमा सेचोचा, नाम्बेर्साचा, खारायुल्चा, रल्लेचा, प्रोङ्मोचा, वाबुखुचा आदि दोचाको बायुङ राईहरु पर्दछन् (राई, मानसेर बायुङ, २०८१, आसोज, कुराकानी) । रिनाम्साचाका तीन सन्तानहरु तोःलोचा, मोब्लोचा र रीपाचाका दरसन्तानहरूले गर्दै आएको सारी रिनाम्साचा सारि हो । रूङबुढाको चार सन्तानहरु : थाम्रोचा, दिलिङ्वाचा, हजुपाचा र दिबुरिचाहरूले गर्ने सारिलाई लोःरो सारि भनिएको छ । त्यसैगरी म्यार्साचाहरूले गर्ने सारिलाई सेर्नासेवा/सेवासेर सारि

भनिन्छ (राईः २०८०, पृ.१४२)। उल्लेखित बायुङ राईहरूमा प्रस्तुत चार किसिमका तुम्लोहरु प्रचलित रहे पनि तुम्लोको मुख्य सार, मिथकहरूमा समानता रहेको पाइन्छ भने स्थान तथा भूगोल आधारमा मिथक, संस्कारगत विधिहरूमा केही फरकपनाहरु पनि प्रचलित रहेको पाइन्छ ।

बायुङ राईहरु मुन्दुमलाई 'तुम्लो' भन्दछन् भने बोलिचालीमा 'तुम्लोयालो' पनि भनेर भन्ने प्रचलनमा रहेको छ । 'तुम्लो/मुन्दुम' किरात जातिको मुख्य धर्मग्रन्थ हो । यो विशेषतः अलिखित र मौखिक रूपमा रूपमा पुस्तान्तरण हुँदै आएको छ । विभिन्न किरात समुदायमा यसलाई विभिन्न नामले चिनिन्छ । लिम्बू (याक्थुङ) भाषामा मुन्धुम, सुनुवार (कोइँच) भाषामा मुग्दुम भनिन्छ । बुहभाषी किरात राईहरूमा तुम्लो, तम्र, मुद्दुम, मुन्दुम, रिदुम, मिन्दुम, मुक्तुम आदि भनी भनिन्छ (राई, २०८०, पृ.६) । तुम्लोलाई विभिन्न खोज, अनुसन्धान तथा अध्ययनकर्ताहरूले परिभाषित गरेका छन् । चेम्जोङ (ई.१९६६ र २००३) ले मुन्धुमलाई शक्तिको प्रतीक मान्दै नेपालका पूर्वी भेगमा रहेका किरातीहरूले सत्य, पवित्र ग्रन्थका रूपमा लिन्छन् भनेर बताएका छन् । राई (२०६१:१२) ले मुन्दुम शब्द दुईवटा शब्दहरूको गठजोडबाट निर्माण भएको बताएका छन् । जस्तैः मुना+दुम=मुन्दुम । यसको सोझो अर्थ हुन जान्छ-मानिसको कुरो वा मानव उत्पत्ति साथै ऐतिहासिक विकासक्रमको पहिचान गर्नु, साथै मानव जातिको असल र खराब पक्षको खोजी गर्नु हुन आउँछ । राई (२०१४) ले पुमा भाषामा पनि दुई शब्दबाट मुत्दुम शब्द (मुत्+दुम) बनेको बताएका छन् । जसको अर्थ पुर्खालाई खुसी तुल्याउनु र उपचार विधिसमेत हो । काइँला (ई.१९९९) र सुब्बा (ई.२००१) ले मुन्धुम (मुन्+धुम्) शब्दलाई क्रमशः मुन्को अर्थ गति र धुम् को अर्थ शक्तिका रूपमा व्याख्या गरेको पाइन्छ । त्यसैगरी वाइडर्ट र सुब्बा (ई.१९९८) ले मुन्धुमलाई लिम्बू धर्म र लिम्बू धर्मको साहित्यका रूपमा व्याख्या गरेका छन् । ग्यान्स्ले (ई.२००२) ले मुन्दुमलाई मौखिक परम्परामा विकास भएको पुर्खाको ज्ञान मानेका छन् भने परम्परागत शैली नै मुन्दुम हो भन्छन् । मुन्दुमलाई परिभाषित गर्ने क्रममा उनी अल्मलिएका आभाष हुन्छ (आङ्देम्बे, २०६८) । राई (ई. २००७) ले मुन्को अर्थ 'सिर्जना गर्नु या जन्मिनु' र दुम्को अर्थ ' आवाज उच्चारण गर्नु' भनी व्याख्या गरेका छन् । लुगुन र अन्य (२०६८) काअनुसार ब्रम्हाण्ड सिद्धान्त ९अयकययिनथ०, धार्मिक दर्शन ९उजषयिकयउजथ०, विज्ञान ९कअष्भलअभ० र विश्वास ९दभष्भिा० नै किराती कोइँचहरूको मुग्दुम हो (स्रोतः राई, २०७५) । चाम्लिङ (२०७६) काअनुसार मुन्धुम मूलतः आदिम समाजमा किरातीहरूले विकास गरेको चिन्तन, ज्ञान र अनुभवको संग्रह हो । राई (२०७७) का अनुसार 'मुन्दुम' किरातीहरूको मौखिक वाङमय हो । हालसम्म मौखिक परम्परामा जीवित रहेको र किरातीको भाषा, साहित्य, संस्कृति, इतिहास, भूगोल, गीत-संगीत, धर्म-दर्शन आदिको समग्र विवरण पाइने हुनाले 'मुन्दुम' लाई मौखिक वाङ्मय भनिएको हो । राई (२०७७) काअनुसार सम्पूर्ण किरातीको प्राचीन सांस्कृतिक इतिहास र साझा पहिचान नै मुन्दुम हो । त्यसैले मुन्दुम समग्रमा किरातीहरूको आस्था एवम् विश्वासको धरोहर मात्र होइन, समग्र पहिचानको स्रोत तथा आधार पनि हो ।

उल्लेखित परिभाषालाई हेर्दा तुम्लो किरात राई समुदायको मौखिक दर्शनशास्त्र हो । यसैको आधारमा किरातीहरूको विभिन्न संस्कार, संस्कृति, जीवन पद्धति, जीवनदृष्टिलाई निर्देशित गर्दछ । तुम्लोको आधारमा नै समुदायका विभिन्न सामाजिक, सांस्कृतिक, आर्थिक र सामुदायिक मूल्यमान्यताहरु निर्माण भई प्रचलित भएका छन् । बायुङ राईहरूमा पनि तुम्लोको महत्वपूर्ण स्थान

रहेको कुरा माथि नै उल्लेख गरी सकिएको छ । यो मुख्य मौलिक स्यान्तिवाको आधार हो । बायुङ मातृभाषाअनुसार तुम्लो शब्दको विकास बायुङ भाषाकै दुई शब्दहरु 'तम्चो' र 'लो' को संयोजनबाट भएको हो । जसमा 'तम्चो' को अर्थ 'खुसी पार्नु वा प्रशन्न पार्नु' हुन्छ भने 'लो' को अर्थ 'भाषा वा कुरा' हुन्छ । तसर्थ सारीरेरीरो (पुर्खा) र सुबुमुबु (प्रकृति) लाई पुजेर 'प्रशन्न पार्ने पवित्र भाषा' भनेर भन्दा 'तम्चोलो' हुँदै **'तुम्लो'** भएको भएको हो (राई, २०८०) । त्यसैगरी राई (२०८०) काअनुसार तुम्लो किरात बायुङ राई संस्कार, संस्कृति र सभ्यताको मुख्य र महत्वपूर्ण आधार हो । तुम्लो किरात बायुङ राईहरूको पवित्र र शक्तिशाली मौखिक धार्मिक ग्रन्थ हो । यही तुम्लोको मर्मको आधारमा नै उनीहरु संसारलाई हेर्ने दृष्टिकोण निर्माण गर्दछन् । तुम्लोभित्र विश्व ब्रम्हाण्डको सृष्टिदेखि लिएर विभिन्न जीवजन्तु, वनस्पति, प्रकृति तथा मानव जातिको उत्पत्तिको वर्णन रहेको छ । त्यसैगरी मानव समाज, संस्कृति, भाषा, कला, गीत, संगीत, सिपको उत्पत्ति र विकासको दृष्टान्तहरु रहेका छन् । तुम्लो बायुङ राईहरूको जीवनको मर्म र मुटु हो ।

### बायुङ राई स्यान्तिवा (पहिचान) निर्माणमा तुम्लोको भूमिका

#### *मुन्मानुङ सुबुमुबुखम (ऐतिहासिक उत्पत्ति र भूगोल)*

तुम्लोमा सृष्टि सम्बन्धी मिथकहरु रहेका छन् । पृथ्वी, वायु, बादल, वर्षा, पानी, वनस्पति, जीवजन्तु तथा र मानव सृष्टिको मिथकहरु छन् । पृथ्वीको उत्पत्ति पश्चात् पृथ्वीमा पानीको मात्र धेरै भएपश्चात् भएको भलबाढी र पहिरोको कारणले गर्दा हिमाल, पहाड र समथर भूभागहरूको सृष्टि भएको मिथक सुम्निमो तुम्लोमा उल्लेख भएको छ । आदिम मानव जातिको मामा मिनिनाप्चा कल्तिपाको उत्पत्ति तथा बाघ, भालु, बाँदर आदि प्राणीहरूको पनि उत्पत्तिको बारेमा उल्लेख गरिएको छ । आदिम बायुङ राईहरूको पुर्खाहरूको उत्पत्ति र वर्तमान ऐतिहासिक भूगोलसम्मको आगमन, सभ्यताको निर्माण तथा विकासको व्याख्याहरु पनि रहेका छन् । लुःना बायुङ राईहरूको आदि पुर्खा तङ्दिसे भुवाखा (रेन्दु/रेदुक्पा) को खःलि भित्र भएको जन्म र सुम्द्याल ( हालः नेचासल्यान गा.पा.-५ स्थित आदिम बायुङ गाउँ) सम्मको यात्राको वर्णन खःली तुम्लोमा रहेको छ । तङ्दिसे भुवाखा (रेन्दु/रेदुक्पा) र जीवनसंगीनी तङ्दिसेमा वालिङ्माले सुम्द्याल (सुम्निद्याल) मा आवाद गरी यहीको सेरोफेरोमा वर्तमान लुःना बायुङ राईहरूको सभ्यता विकास भएको वर्णन रहेको छ । दक्षिणी सोलुखुम्बुको विभिन्न भूभागहरु बायुङ राईको ऐतिहासिक र मुन्दुमी महत्वको स्थानहरूको स्थापित भएको मुन्दुमी तथ्यहरु तुम्लोमा छन् । सुम्द्याल (सुम्निद्याल), भिनेम, लोङ्से, ब्लोइ, सेपुलुङ, चित्रो थिम्दिखा, फ्रेवा, ग्रोङ्ब्आले, नाम्लो, सिताम्दु, सबुली, घ्ल्याम्तो, पोखुस्दिखा, साम्बुरू, सेरो, जुजुरू, गुगुर्दी, ख्याम्पु, जन्तेरू, ओस्ती, फुर्चुकु, गोन्बुरू, ओस्पु, रिदु, रङ्गा, दोदी, क्रेकु, दङ्कु, सकु, मकु, कर्चिले, बोल्डो, सोधो, हरङामु, दुङ्बार, बुद्रो, कोखिम आदि स्थानहरु रहेका छन् । जहाँ लुःना बायुङ राईहरूको धेरै लामो समयदेखि बसोबास रहिआएको छ । त्यसैगरी लोरो सारी, रिनाम्साचा सारी र सेर्नासेवा सारि मान्ने बायुङ राईहरूको ऐतिहासिक स्थानहरूमा रूम्जटार, मुका डाँडा, लिङ्कु, सार्सेपु, दाम्सेपु, सोबुरू, देउसुम्बु, मोली, पङ्खु, मोप्लोद्याल, रिपो, फाकु, तोलुवा गढी, बुङनाम गढी आदि रहेको छन् । त्यसैगरी खोटाङ जिल्लाको लामीडाँडा, दिक्तेल, मझुवा, रोम्बुवा, चुइचुम्बा आदि स्थानहरूको

पनि वर्णन तुम्लोमा गरिएको पाइन्छ भने यता उत्तरी सोलुखुम्बुको चोमोलुङ्मा, गोरोक्सेप, थामे, नाम्चे, फाक्दिङ, चौरीखर्क आदि स्थानहरूको पनि वर्णन पाइन्छ । उल्लेखित स्थानहरूको वर्णन तुम्लोमा आधारित सेग्रो, ताम, सुम्नि ब्यार्आ, सामाफक्चो मो, ङोलोमो, ब्याख्खा आदि संस्कार सम्पन्न गर्दाको बखतको तुम्लोमा उल्लेख हुन्छन् । यी विभिन्न मिथक र वर्णनको आधारमा बायुङ राईहरूले विश्व ब्रम्हाण्डको उत्पत्ति, सृष्टि, आफ्नो मौलिक इतिहासको मुन्दुमी इतिहास र ऐतिहासिक भूगोलको सीमाङ्कन गर्दछन् ।

*लो (भाषा) र मौखिक पातुम्री (परम्परा)*

बायुङ राईहरूको आफ्नै भाषा र मौखिक परम्परा रहेको छ । मौखिक परम्पराको सन्दर्भमा माथि तुम्लोको बारेमा प्रस्ट्याउँदा धेरै कुराहरु समावेश भइसकेका छन् । बायुङ राई भाषामा 'भाषा' लाई 'लो' भनिन्छ भने यो समुदायमा 'फ्रेलो' र 'बायुङ राई लो (रःदिलो/प्रोचालो/पाइलो)' दुई प्रकारका भाषाहरु अस्तित्वमा र प्रचलनमा रहेका छन् । 'फ्रेलो' बायुङ राईहरूमा प्रचलित प्राचीन भाषा हो । यसलाई बायुङ राईहरूको 'तुम्लो (मुन्दुम) को भाषा' भनेर भन्नु उपयुक्त हुन्छ । खासमा यो तुम्लोको भाषा नै 'फ्रेलो' हो । तुम्लोको हरेक रिसिया तथा शब्दहरु 'फ्रेलो' मा हुने गर्दछन् । यो सामान्य दैनिक जीवनमा प्रयोग गरिने बायुङ राई भाषाभन्दा फरक रहेको हुन्छ । संरचनाको दृष्टिकोणले यो गेयात्मक र लयात्मक तथा अझ साहित्यिक भावको शब्द र संरचना 'फ्रेलो' मा पाइन्छ । 'बायुङ राई लो' बायुङ राईहरूले दैनिक जीवनमा प्रयोग गर्ने बोलीचालीको भाषा हो । फ्रेलो र बायुङ लोको बारेमा थप स्पष्टताको निम्ति **(परिशिष्ट ४ हेर्नुहोस्)** ।

बायुङ राईहरूको सम्पुर्ण संस्कार संस्कृतिहरु मौखिक परम्परामा अधारित छन् । समुदायमा प्रचलित सबै तुम्लोहरु आफ्नो उत्पत्तिकालदेखि एक पुस्ता अर्को पुस्तामा पुस्तान्तरण हुँदै आएका छन् । जन्म पूर्वदेखि मृत्यु पर्यन्तसम्मको रीति, संस्कार संस्कृतिहरु मौखिकरूपमा प्रचलित रहेका छन् । प्रकृतिपूजाको हरेक रीति तथा संस्कृतिहरु पनि मौखिक परम्परामा नै आधारित रहेका छन् । समुदायमा प्रचलित कथा कहानी, लोककथा, मिथक तथा गीत संगीतहरु पनि मौखिक रूपमा पुस्तान्तरण हुँदै आएका छन् । जाउमा, ख्लिउमा र कोक्तिसालाको मिथक र लोककथा, किकि भुवाखा र पिपि वालिङ्माको मिथक, सुम्निमोको सृष्टिसम्बन्धी मिथकहरु सबै नै मौखिक रूपमा प्रचलित रहेका छन् । मौलिक पितृपूजा, प्रकृति तथा धर्तीपुजा, जीवनसंस्कार तथा अन्य संस्कारहरु प्रचलनमा रहेका छन् । मौखिक परम्परामा आधारित संस्कार संस्कृतिहरूको सूची हेर्नु **(परिशिष्ट ३ हेर्नुहोस्)** ।

तुम्लोको मौखिक परम्परामा विभिन्न संस्कार संस्कृतिहरूको उत्पत्तिको मिथकीय तथ्यहरु पनि उल्लेख भएका छन् । यस विषयलाई प्रस्ट पार्न राई (२०८०) को दृष्टान्तहरु उल्लेख गर्न आवश्यक रहेको देखिन्छ । जसअनुसार सुम्निमो तुम्लोमा बायुङ संस्कृतिमा प्रचलित जन्म, मृत्यु, धामी-झाँक्री आदि लगायतका संस्कृतिहरूको उत्पत्ति यही युगमा भएको देखिन्छ । यस युगमा उत्पत्ति भएको प्रमुख बायुङ संस्कार संस्कृतिहरूमा जन्मसंस्कार, नाम राख्ने, विवाह, मुलमि (तुम्लोअनुसार हरेक समस्या, बाधा व्यवधान आए समाधानको बाटो देखाउन सक्ने व्यक्ति), नक्स (तुम्लोमा धेवाना/ध्यावाना मोतोना

भनेर पुकारिने विशेषगरी पितृकार्जे गर्ने कुलको धामी), झाम्चा (तुम्लोमा सेलेमी मुक्तिमी भनेर पुकारिने ढोल ढ्याङ्ग्रो सहितको धामी जो तान्त्रिक विधिद्वारा उग्गार गर्दछ), चिरीमी तङ्तीमि (दियो कलश चलाउने धामी), साप्ख्लु सीःसी (सिकरी देऊ), र प्रारम्भिक मृत्युसंस्कार आदि संस्कार संस्कृतिहरूको उत्पत्ति भई विकास भएको दृष्टान्त छ । त्यसैगरी खःली तुम्लोमा पितृपूजाको संस्कृतिहरु सेग्रो, ताम, तुमा ताम, छिदाम, मालीमी नाग्ले, नाग्ले प्रकृति पूजाको वाक्सा, द्याल सिवा/सुबुको सुरूवात भएको पाइन्छ । त्यसैगरी जाउमा, ख्लिउमा र कोक्तिसाला तुम्लोमा सामीतामी सारीथार्मा (छोरीचेलीको मानमनितो गर्ने) तुम्लोको पनि विकास भएको दृष्टान्त रहेको छ ।

***सामाजिक संरचना, परम्परागत संस्था र निर्णय प्रक्रिया***

बायुङ राईहरूमा आफ्नै मौलिक सामाजिक संरचना/संस्थाहरु रहेका छन् । बोकोल/ङप्सिलअ र दोचा प्रमुख प्रचलनमा रहेको पाइन्छ । सामान्यतया बोकोल भन्नाले चुला बुझिन्छ भने यसको विशेष सांस्कृतिक महत्व रहेको छ । राई (२०८१) अनुसार बोकोल एउटा प्रतीकात्मक महत्व भनेको सामुदायिक आस्थाको केन्द्रका साथै कुल वंशको प्रतीक पनि हो भनी परिभाषित गरेका छन् भने बोकोललाई बायुङ राईहरूले आफ्नो वंश वा कुलको रूपमा आत्मसात् गर्ने कुरा उल्लेख गरेका छन् । खासमा उनीहरु आफ्नो बोकोलको सबै व्यक्तिहरूलाई आफ्नो वंशको रूपमा स्वीकार गर्दछन् । समग्रमा बोकोलले एउटा पारम्पारिक संस्था वा संरचनाको रूपमा कार्य गर्दछ । बोकोलभित्रको सदस्य/परिवारहरूलाई ङप्सिलअ भनिन्छ । राई (२०८१) ले जन्तेरू गाउँको सेचोचा र नाम्बेर्साचा दोचाको ३ वटा बोकोलको बारेमा व्याख्या गरेका छन् । जहाँ उक्त बोकोलभित्रको बायुङ राईको कुनै घरपरिवारमा बिहेवारी, सेग्रो (हङ) ताम, ङोलो मो, ब्याक्खा आदि परेमा बोकोलभित्रको सांस्कृतिक तथा  परम्परागत नियमअनुसार चामल, जाँड, रक्सी, वा सराऊ उठाउनु पर्दछ । त्यसैगरी सघौपघौको निम्ति मानव शक्ति पनि जुट्नु पर्दछ । दोःचा बायुङ राई भित्रको उपथर हो । यो एक महत्वपूर्ण सामाजिक संरचनाको रूपमा रहेको हुन्छ । विशेषगरी तुम्लोको रीतिरिवाज सम्पन्न गर्दा दोःचा र द्याप्चिनिङहरु समग्ररूपमा वाचन गरिन्छ । यसले दोःचाभित्रको हरेक बोकोल र सदस्यहरूलाई सम्बोधन गर्दछ । अध्ययनक्षेत्रको लुःना बायुङ राईहरूमा वाक्सा पुज्दा दोःचाले एक महत्वपूर्ण समाजिक संरचनाको रूपमा कार्य गर्दछ । जुन कुरा अझ स्पष्ट पार्न निम्न भनाइ हेर्न सकिन्छः

> 'हुयि सुम्द्यालरी वाक्सा लेया । वाक्सा लेयाना क थोचे कङ दोःचामि हप्पे झुम्स्चोदुमको आफा दोःचारो ब्आचोमि दुम । क थोचे वाक्चो दुम को आकङ्मे थोचे कङ्मे दोचामि ल्याक्चो दुम । एखो के मोल्छे सेचोचामि लेम्तामेखा कङ्मे चोटि नाम्बेर्सामि लेचोदुम । म्याम्को कङ्मे चोटि आकङ्मे दोःचामि पाचोदुम।'
>
> अर्थात्,
>
> 'तल सुम्द्यालमा वाक्सा पुजिन्छ । वाक्सा पुज्दा एक दोःचाले सबै कुराको जोरजाम गर्नु पर्दछ  भने अन्य दोःचाको बायुङ राईहरूलाई निमन्त्रणा गर्नु पर्दछ । प्रस्ट हुनुको लागि यो पटक सेचोचाले पुजे भने अर्को पटक नाम्बेर्साले पुज्नु पर्दछ । त्यसपछि अर्को पटक फेरि अर्को दोःचाले पुज्नु पर्दछ । '

(कुराकानीः मानसेर बायुङ राई, २०८१, असोज)

उल्लेखित तुम्लोचाको भनाइले के स्पष्ट पार्दछ भने दोःचाले पनि बायुङ राईहरूमा एक बृहत् सामाजिक संरचनाको रूपमा कार्य गर्दछ । समुदायभित्र मौलिक निर्णय प्रक्रिया र पद्धतिहरु पनि रहेका छन् । बोकोल भित्रको निर्णय प्रक्रिया र द्यालगुथा (गाउँघर) मा गरिने निर्णय प्रक्रिया मुख्य अस्तित्वमा रहेका छन् । हरेक बोकोलभित्र समेटिएको घर परिवार र सदस्यहरूले तुम्लोसँग सम्बन्धित रहने निर्णय गर्दा उक्त बोकोलभित्र रहेको सबैभन्दा वरिष्ठ र तुम्लोवेत्ता व्यक्तित्वसँग आवश्यक सल्लाह लिएर मात्र सोही सल्लाहबमोजिम निर्णयहरु गर्ने प्रचलन रहेको छ । यसको बारेमा अझ स्पष्ट हुन निम्न भनाइ हेरौँ :

'अक्के बोकोलरी मामार तुम्लोके ते पाचोदुमखारा सेरोयि आङोलो वाआ बःमे । आम द्यालरिम आङोलो नक्सयो हो । आम्लाई हिलो हिसि पासोमोत्तेई पाका । अक्के बोकोलगरे अके (माइला), साईला, कान्छाको आफा ङप्सीलअरी हप्पेरि ङाल्ला आङोलो वाआलाई हिलोहिसि पासोमाम तुम्लोते पाचोम पाकाम ब । ङाल्ला पापालाई हिलोहिसि पाकावा । पापा जाम्सो लाम्तामे नोथा आङोलो वाआके पियारि झुक्ताम हो । सेरोयि वाआके खिम ब्राआ दुम्ताम् चामि एके याक्के याक्केम लोसीरोरि लअरोमि गो यो हिलोहिसि पायिमि ।'

अर्थात्,

'हाम्रो बोकोल (चुला/वंश) मा जेजे मुन्दुमको काजकार्जे गर्नु परे पनि पहिले सेरो गाउँमा बस्ने जेठा दाजुलाई सोध्ने गर्छौं । उहाँ गाउँकै ठुलो नक्स पनि हो । उहाँलाई सोधपुछ गरेर मात्र हामी मुन्दुमी काम अघि बढाउछौँ । हाम्रो बोकोलभित्र मेरो (माइला), साइला, कान्छा र अन्य दाजुभाइहरूमा जेठा दाजुलाई सोधेर मात्र गर्ने गर्दछौँ । जेठा दाजुभन्दा अघि घरमा पापा (बुबा) लाई सोध्ने गर्थ्यौं । उहाँ बितेर गए पछि दाजुको थाप्लोमा परेको हो । दाजुको घर ढाटा भएकोले सामान्य किसिमको कुराहरूमा भाइहरूको परिवारले मलाई पनि सोध्ने गर्दछन् ।'

(कुराकानीः मानसेर बायुङ राई, २०८१, असोज)

उल्लेखित कुराकानीको अंशले के स्पष्ट पार्दछ भने बोकोलभित्रको बायुङ राईको निर्णय प्रक्रिया के कसरी हुन्छ भन्ने कुरालाई स्पष्ट पार्दछ ।

द्यालग्था (गाउँघर) मा गरिने निर्णय प्रक्रियाहरूमा तुम्लो सम्बन्धी कार्यहरु आयोजना र सम्पन्न गर्न भन्दा अगाडि गाउँको वरिष्ठ तुम्लोचाहरूको आपसी सल्लाह बमोजिमको निर्णयअनुसार गरिन्छ । जसलाई 'मुलि ब्अक्चो' भनिन्छ भने केही फुटकर रूपमा सम्पन्न गर्नुपर्ने रीतिहरु भएमा गाउँकै सबैभन्दा ठुलो तुम्लोचाको आवश्यक सल्लाहबमोजिम गरिन्छ । दक्षिणी सोलुखुम्बुको सेरो, जुजुरू, ओस्पु, ओस्ति, फुर्चुकु, भिलुक्व्आ, गुगुर्दी, जन्तेरू, र ख्याम्पु गाउँमा फारामो (उधौली) को अवसरमा पुजिने नाग्ले, ताम, सेग्रो (हङ) कहिले देखि पुज्न सुरू गर्ने ? कुनकुन गाउँमा को-को नक्सले नाग्ले गर्ने ? अर्थात् कसको घरमा कुन नक्सले ताम गर्ने ? कस्कोमा कहिलेदेखि कहिलेसम्म सेग्रो (हङ) पुज्ने भन्ने कुराहरु 'मुलि ब्अक्चो' गरेर निर्धारण गरिन्छ र सोहीबमोजिम उक्त तुम्लोको कार्जेहरु सम्पन्न गरिन्छन् । हाल यी गाउँहरूको मुलि ब्अक्चोको काम गाउँको वरिष्ठ नक्स हर्कशेर

बायुङ राईको रहोबरमा गरिने प्रचलन रहेको छ । अध्ययन क्षेत्रमा हरेक उधौलीको अवसरमा पुजिने पितृकार्जेको निम्ति प्रायजसो पुस महिनाको पहिलो हप्तातिर तुम्लोचाहरु भेला भएर 'मुलि ब्ंअक्चो' गरेर निर्णय गर्ने प्रचलन रहेको छ । बायुङ राईहरुमा निर्णय निर्माण प्रक्रियाले पनि स्यान्तिवाको निर्माणमा एकबद्धता गराई आधार तय गर्दछ ।

***बायुङ राई र स्वनामकरण***

बायुङ राईले विभिन्न बहुभाषी किरात राई भाषी समुदायमध्ये आफूलाई बायुङ भाषी र बायुङ भनी स्वआध्यनाम (Auto ethnonym) रुपमा समुदाय स्वीकार गरेको छ । बायुङ नै हाम्रो मौलिकता बोकेको झर्रा  शब्द हो भन्ने कुरा तुम्लो सम्वद्ध मिथकहरुले पनि बताउने तथ्यहरु पाइन्छ । त्रिभुवन विश्वविद्यालयको CNAS द्वारा प्रकाशित तथा भाषाविद् मोरिन बि.लि.को स्थलगत अनुसन्धानमा आधारित सन् २००५ मा प्रकाशित 'BAYUNG RAI: A Sociolinguistic Survey' ले पनि बायुङ शब्दलाई नै मौलिक र झर्रा हो भनी निष्कर्ष निकालेको छ । राई (२०७८) ले बायुङ शब्दको उत्पत्तिको सन्दर्भमा बायुङ राईहरुमा प्रचलित सुम्निमो तुम्लोको 'दिलुजु थामाजु हेलेजु रामाजु मोथामो लेङ्माजु (वायु) र निनारेङ्मा मारेङ्मा' को मिथकको आधारमा भएको कुरा उल्लेख गरेका छन् । जुन दृष्टिकोण बायुङ गाउँबस्तीका अग्रजहरुमा पनि रहेको पाइन्छ । त्यसैगरी तुम्लोको रिसिया ' बायुङ्मा रिफ्फुङ्मा' सँग जोडिएको कुरा पनि 'बायुङ' सँग पाइन्छ । त्यसैगरी तुम्लोमा आउनु 'वाबुलु वायुङ्मा' भन्ने शब्दावलीमा पनि 'बायुङ'को अवशेष पाइन्छ । त्यसैगरी तुम्लोमा 'राई' शब्दको पनि उल्लेख भएको पाइन्छ । तुम्लोमा 'गुपाया गुपाराई' र 'ढेमु राई' भनेर पनि उल्लेख भएको पाइन्छ भने बायुङ राईहरुमा 'होपो राई' र 'युम्पि राई' जस्ता शब्दहरु पनि दैनिक जीवनमा प्रचलनमा रहेको पाइन्छ । यसै आधारमा 'बायुङ राई' भनी समुदायले आफूलाई स्वनामकरणका स्वमित्व ग्रहण गरेको देखिन्छ । यद्यपि यस बारेमा अझ गहिरो रुपमा अध्ययन हुनु आवश्यक छ ।

तुम्लोले बायुङ राईहरुको पहिचान निर्माण गर्दै यसको मुन्दुमी पवित्रताको सीमा पनि निर्धारण गरी मौलिक आकार पनि प्रदान गर्दछ । तुम्लोलाई एकदम शक्तिशाली र पवित्र शक्तिको रुपमा लिइन्छ । जहीँतहीँ तुम्लो वाचन गर्नु र तुम्लोसम्बन्धी कार्यहरु सम्पन्न गर्नु वर्जित हुन्छ । तुम्लो रीतिथितिमा प्रयोग हुने झःरझःसी, प्रोचा लिङ्खामलगायतका मुन्दुमी सामग्रीहरु निश्चित संस्कार र रीतिमा बाहेक अन्यत्र चलाउन वर्जित हुन्छ । सेग्रो (हङ) सिलि, ताम सिलि, झाम्चा सिलिहरु पनि खुला ठाउँमा बिना तुम्लो नाच्न वर्जित हुन्छ । बायुङ राई र अन्य किरात राई समुदाय इतरका समुदायलाई तुम्लोको रीति संस्कारको समयमा गृह प्रवेशको अनुमति पनि वर्जित हुन्छ । यी मुन्दुमी मूल्यमान्यताले बायुङ राईको स्यान्तिवालाई अझ अक्षुण्ण राख्न महत्वपूर्ण भूमिका खेलेको देखिन्छ ।

## निष्कर्ष

बायुङ राईहरुको स्यान्तिवा निर्माणको निम्ति तुम्लोको महत्वपूर्ण भूमिका रहेको देखिन्छ । मौखिक रुपमा प्रचलित तुम्लोले समग्र रुपमा मौलिकता निर्माणमा आधारको रुपमा कार्य गरेको पाइन्छ । तुम्लोले बायुङ राईको आफ्नोपन र मौलिकता निर्माण गर्दछ । बायुङ राई समुदायको विश्वदृष्टिकोणको स्रोत मौखिक तुम्लो दर्शन हो । सृष्टि, मानव, समाजको उत्पत्ति र विकास, बायुङ समुदायको मुन्दुमी इतिहास तुम्लोको मिथकले अस्तित्वमा राखिरहेको छ । ब्रम्हाण्ड, पृथ्वी, बादल, वर्षा, पानी, वनस्पति, जीवजन्तु र आदिमानवको उत्पत्तिसम्मको दृष्टिकोणको निर्माणमा तुम्लोले

दिशानिर्देश गरिरहेको हुन्छ । उत्पत्तिकालदेखि हालसम्म प्रचलित तुम्लोको दर्शन, मूल्यमान्यता, संस्कार र संस्कृतिहरूको पुस्तान्तरण गरी अस्तित्वमा राखिराख्न मौखिक परम्पराको अहम् भूमिका रहेको देखिन्छ । तुम्लोको ज्ञान र दर्शनलाई फ्रेलो र बायुङ लोले पुस्तान्तरणको माध्यमको महत्वपूर्ण कार्य गरेको छ भने बायुङ भाषी भनी आधार पनि प्रदान पनि गरेकोछ । तुम्लोभित्र भएका सांस्कृतिक संस्कार संस्कृतिहरूको उत्पत्ति र मूल्यमान्यताको व्याख्याले जीवनदर्शनको क्षितिज निर्धारण गरेको पाइन्छ । बोकोल र द्यालगुथालगायत सामाजिक तथा सांस्कृतिक संरचना र मौलिक निर्णय निर्माण प्रक्रियाले पनि एकसुत्रमा बाँधेर हामीको भावना निर्माण गर्दछ । तुम्लोको मिथकको आधारमा बायुङ राई भनी स्वनामकरण गर्दछ भने तुम्लोको पवित्रतालाई कायम राख्नुपर्ने मान्यताले अझ स्यान्तिवा निर्माण गरी यसलाई अक्षुण्ण राख्न अहम् भूमिका निर्वाह गर्दछ । तुम्लो र बायुङ राईलाई एक आपसमा अलग राख्ने हो भने मौलिक बायुङ स्यान्तिवाको अस्तित्व विलय भएर जान्छ । तसर्थ तुम्लोले बायुङ राईको स्यान्तिवाको निम्ति आत्माको भूमिका निर्वाह गर्दछ । जीवन्तता प्रदान गर्दछ । यी दुईबिच देह र आत्माको जस्तै परिपूरक भूमिका रहेको छ ।

## सन्दर्भ सामग्रीसूची


चाम्लिङ, भोगिराज (२०७५), मुन्दुम के हो ? कति प्राचीन हो ? *मुन्दुमी विमर्श शृङ्खला-१*, किरात राई सांस्कृतिक कलाकार संघ केन्द्रिय कार्यसमिति, काठमाण्डौं ।

याम्फू, होम (२०७५), मिन्दुमः याम्फू किरात इतिहास, सभ्यता र दर्शन, *रिलुङ*, १ (१) पृ. १७-४४ ।

राई, किशोर बायुङ (२०७९), बायुङ राईः जन्मदेखि मृत्यु संस्कारको संक्षिप्त चिनारी, *चासुवा*, २ (१) पृ.३८-५३ ।

राई, किशोर (बायुङ) (२०८०), तुम्लोः किरात बायुङ राई संस्कार, संस्कृति र सभ्यताको आधार. *किरात प्रज्ञा*, (३) पृ.५-१४।

राई, किशोर (बायुङ) (२०८), जन्तेरूः एउटा बायुङ गाउँको तुम्लोमय गाथा, *चासुवा*, (३)पृ. ६९-८९।

राई, तारामणि(२०७५), मुन्दुम र मुन्दुम शब्दको व्याख्या. *रिलुङ*, १, पृ. १-८।

राई, राजकुमार (२०७५), *वान्तावा राईः समुदाय र संस्कृतिको निरन्तरता र परिवर्तनको समाजशास्त्रीय तथा मानवशास्त्रीय अध्ययन*, काठमाडौंः एकेडेमिक बुक सेन्टर ।

राई, रामचन्द्र रूपाबुङ (२०६४), *प्राचीन किरातहरूले छाडेका सम्पदाहरू*, काठमाडौंः महेन्द्रनाथ राई ।

राई, नरभक्त बायुङ (२०७९), बायुङ रदु (राईको उत्पत्ति र झाम्चा (सेलेमी) र नक्सको भूमिका, *चासुवा*, २, पृ. ११४-११९।

राई, निर्कुधन थुलुङ (२०७७ फागुन ५). थुलुङ राई किरातः मुन्दुम, मृतात्मा र कटुन्जे. *सञ्चारकर्मी* ।

राई, नेत्रमणि दुमि (२०८०), आदिवासी किराती भाषाहरूको सिंहालोकन, *किरात प्रज्ञा*, पृ.७२-८९।

राई, पुण्य बहादुर बायुङ (२०७८), सुम्नि ब्यार्बाको मिथक-१, *चासुवा*, १, पृ. १०२-१०९।

राई, पुण्य बहादुर बायुङ (२०७९), सुम्नि ब्यार्बाको मिथक-२, *चासुवा*, २, पृ.७८-८२।

राई, भक्त (२०७७, फागुन ५), मुन्दुम के हो ? *नागरिक* ।

राई, युवराज बायुङ (२०७८), किरात बायुङ राई सुीम्नखिमको प्रथम वार्षिकोत्सवमा प्रस्तुत साङ् गठनिक प्रगति विवरण, *चासुवा*, १, पृ.६-३०।

राई, ज्ञान बायुङ (२०७८), किरात बायुङ राई सुम्निखिमको स्थापना र औचित्य, *चासुवा*, १, पृ.१-५।

रापाचा, लाल. यालुङछा, आग्यायामि, तुम्यङ, अमर (२००८). इन्डो *नेपाल किराँती भाषाहरू विगत, समकालीन परिवेश र भोलिका चुनौतीहरू*, काठमाडौंः किरात विज्ञान अध्ययन संस्थान ।

Rai, K. (2022). The Tumlo: An Anthropological Study of the Worldview of Bayung Rai [Unpublish M.A. dissertation]. Tribhuwan University, Patan Multiple Campus, Patandhoka, Lalitpur.

Rai, T. M. (2025). Autonyms of the Kirat Rai Linguistic Communities: Decoding roots, Meanings, and Identity. *Kirat Pragya* 4(1), 157–169. https://doi.org/10.3126/kp.v4i1.79051

Rai, N. & Rai, N. (2010). *Kirat Sampang Rai Muddum.* Kirat Sampang Rai Jumlekha.

Yamphu, H. P. (2014). Mindum: Account of Yamphu origin and indigeneity [Unpublish M. Phil. dissertation]. Tribhuvan University, Kirtipur, Nepal.

## व्यक्तिगत कुराकानी

हर्कशेर बायुङ राई, नेचासल्यान-१, सेरो, सोलुखुम्बु ।

मानसेर बायुङ राई, नेचासल्यान-१, ख्याम्पु, सोलुखुम्बु ।

## परिशिष्टहरू

**परिशिष्ट-१ : बायुङ राईहरूको तुम्लो र सारिरेरिहरू**

<table>
<tr><td>क्र. सं.</td><td>सारि</td><td>तुम्लो</td><td rowspan="5">बायुङ राईहरूमा प्रस्तुत चार किसिमका तुम्लोहरू प्रचलित रहे पनि तुम्लोको मुख्य सार, मिथकहरूमा समानता रहेको पाइन्छ भने स्थान तथा भूगोल आधारमा मिथक, संस्कारगत विधिहरूमा केही फरकपनाहरू पनि प्रचलित रहेको पाइन्छ ।</td></tr>
<tr><td>१</td><td>लुःना सारि</td><td>लुःना तुम्लो</td></tr>
<tr><td>२</td><td>लोरो सारि</td><td>लोरो तुम्लो</td></tr>
<tr><td>३</td><td>रिनाम्सा सारि</td><td>रिनाम्सा तुम्लो</td></tr>
<tr><td>४</td><td>सेवासेर/सेर्नासेवा सारि</td><td>सेवासेर तुम्लो</td></tr>
</table>

**स्रोत : चासुवा, वर्ष ४, अंक १, २०८१**

**परिशिष्ट-२ : बायुङ राईको दोःचा**

| क्र.सं. | दोःचा | क्र.सं. | दोचा | क्र.सं. | दोचा | क्र.सं. | दोचा |
|---|---|---|---|---|---|---|---|
| १ | लुना | २ | सेचोचा | ३ | नाम्बेर्साचा | ४ | खारायुल्चा |
| ५ | गेल्दार्चा | ६ | रल्लेचा | ७ | दिबुरिचा | ८ | वाबुखुचा |
| ९ | लोरो | १० | थाम्रोचा | ११ | दिलिङ्बाचा | १२ | हजुपाचा |
| १३ | दिबुर्चा | १४ | दुङ्मोचा | १५ | रोकेचा | १६ | खारादिबुर्चा |
| १७ | युन्बुचा | १८ | मुपुचा | १९ | खाल्सेचा | २० | तर्कसेचा |
| २१ | डेङ्पाचा | २२ | रिनाम्साचा | २३ | मोब्लोचा | २४ | तोलोचा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २५ | मुलुवाचा | २६ | सुस्तोचा | २७ | रिपोचा | २८ | ह्वलुन्दुचा |
| २९ | तोनिमिचा | ३० | मुनारिचा | ३१ | चाङाचा | ३२ | हङ्गुचा |
| ३३ | जयलोङ्चा | ३४ | याखाचा | ३५ | फ्यक्तिचा | ३६ | सेवासेर |
| ३७ | पियाचा | ३८ | मेर्साचा | ३९ | रम्फुचा | ४० | परोचा |
| ४१ | बोनो | ४२ | नोपो बोनो | ४३ | सल्लो बोनो | ४४ | जबुले बोनो |
| ४५ | प्रोङ्मोचा | | | | | | |

*स्रोत : चासुवा, वर्ष ४, अंक १, २०८१*

**परिशिष्ट-३ : लुःनाः लुःना बायुङ राईहरूको तुम्लोयालोरोः**

| पितृपूजा | प्रकृति र धर्तीपूजा | जीवनसंस्कार | अन्य संस्कार |
|---|---|---|---|
| सेग्रो (हङ) | साआला वाक्सा/वाक्सा | मुन्मा तुम्लो (जन्म संस्कार) | बुरो |
| तम | द्याल सिवा/द्याल वाक्सा | निङ जुल्वो (न्वारान) | जिमो |
| तुमा ताम | खिम भुमे/सुबु | जाचो मोक्चो/जुथा पाःचो | देवा |
| छिदाम | जालिम नोक्चो | छेवर/गुनेऊ चोला | सिःसि (खार्ते सिःसि, आते/धो/साप्खलु सिःसि) |
| मालिमी नाग्ले | सपु कचो | फुङलाम/लालिखा (विवाह) | सन्सारि |
| नाग्ले | | फुङ चिङ्चो/साया रोक्चो | हाम्बाचा |
| | खाबुलो नोक्चो | ब्याख्खा (मृत्यु संस्कार) | देउता घ्लुन्चो |
| | | ब्यार्आ | रंकेमि |
| | | सासे | गुलो तोक्चो |
| | | मो (बैदाङ मो, बोकोल मो, क्रेसिङ मो, झाराझुरी मो, सामाफक्चो मो) सुल फिक्चो आपी | खिम झार्चो |

Source: The Tumlo: An Anthropological Study of the Worldview of Bayung Rai (2022AD), MA Dissertation

**परिशिष्ट-४: फ्रेलो र बायुङ राई लोको केही शब्दहरू :**

| क्र.सं. | फ्रेलो (मुन्दुम/तुम्लोको भाषा) | बायुङ राई लो | नेपाली अर्थ |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | अबारि अदयो | गो | म |
| २ | मुलिलेसा खिम | खिम | घर |
| ३ | सुबुकु सालाकु | ब्अकु | पानी |
| ४ | सलेवा क्रिङ्माले | पुपुम/सलेवा | चिण्डो |
| ५ | सेलेमि मुक्तिमि | झम्चा/सेलेमि | धामी |
| ६ | नेपालग्रो नेवालग्रो | ग्रो/हर्गे | झ्याम्टा |
| ७ | लोलोसाबाबुङ/मा | ल्अ | भाई/बहिनी |
| ८ | मामा चिनिमो | मामा/माआ | आमा |
| ९ | पापा लिबुबुङ | पापा/पाआ | बुबा |
| १० | तासेकु हेलेकु | खन | तरकारी |